संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ २१ गते बिहिबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले काठमाडौँको भृकुटी मण्डप स्थित रिपोटर्स क्लबको कार्यक्रमबाट बाहिरिने क्रममा संविधान सभा सदस्य एवं नेपाली काँग्रेसका सहमहामन्त्री श्री महेन्द्र यादवमाथि खुकुरी प्रहार भएको घटनाको सत्य तथ्य छानविन गर्नुपर्ने एवं उक्त घटनाको सम्पूर्ण जिम्मेवारी नेपाल सरकार र गृह मन्त्रालयले लिनुपर्ने, कान्ति बाल अस्पतालको गम्भिर लापरवाहीका कारण मकवानपुरको थाहा नगरपालिका वडा नम्बर १० की ५ वर्षीय बालिकाको समयमा उपचार नपाएर निधन भएकोले उक्त घटनामा जोडिएका अस्पताल व्यवस्थापन समिति, त्यहाँका निर्देशक लगायतका टोलीहरुलाई छानविन गरी दोषीहरुलाई कानूनको दायरामा ल्याउनुको साथै मृतक परिवारलाई क्षतिपूर्तिको सुनिश्चितता हुनुपर्ने, घटनाको सम्बन्धमा सरकारले सदनमा जवाफ दिनुपर्ने, अस्पतालमा गुणस्तरीय सेवा दिन सरकारले ध्यान दिनुपर्ने, बाजुराको पाण्डुसेनमा एकघरमा लुटपाट गरी एकजना महिलाको हत्या भएकोले तत्काल छानविन गरी दोषीलाई कानूनी दायरमा ल्याउनु पर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री महेश कुमार बर्तौला
३. मा० श्री चन्दा कार्की (भण्डारी)
४. मा० श्री धवल शम्मशेर जंगबहादुर राणा

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विनिता कुमारी सिंह
४. मा० श्री विराज भक्त श्रेष्ठ
५. मा० श्री श्याम कुमार घिमिरे
६. मा० श्री शान्ती वि.क.
७. मा० श्री शान्ती श्रेष्ठ
८. मा० श्री शिब नेपाली
९. मा० श्री शिशिर खनाल
१०. मा० श्री सन्तोष परियार
११. मा० श्री शेर बहादुर कुँवर
१२. मा० श्री सन्तोष चालिसे
१३. मा० श्री सरस्वती बजिमय
१४. मा० श्री सरिता भुसाल
१५. मा० श्री सान्ती चौधरी
१६. मा० श्री सिता कुमारी राना
१७. मा० श्री सुमना श्रेष्ठ
१८. मा० श्री सुशीला श्रेष्ठ
१९. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२०. मा० श्री सूर्य प्रसाद ढकाल
२१. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२२. मा० श्री सोनु मुर्मु
२३. मा० श्री संगीता मण्डल धानुक
२४. मा० श्री संजय कुमार गौतम
२५. मा० श्री हर्क माया विश्वकर्मा
२६. मा० श्री हरि ढकाल
२७. मा० श्री हित बहादुर तामाङ
२८. मा० श्री हितराज पाण्डे
२९. मा० श्री हेमराज राई
३०. मा० श्री हृदयराम थानी
३१. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात् प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री रमेश लेखक
२. मा० श्री रघुजी पन्त
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री गणेश पराजुली
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री रन्जु कुमारी झा

| | | | |
|---|---|---|---|
| ७. | मा० श्री मेटमणि चौधरी | १३. | मा० डा० अमरेश कुमार सिंह |
| ८. | मा० श्री अब्दुल खांन | १४. | मा० श्री रामहरि खतिवडा |
| ९. | मा० श्री सर्वेन्द्र नाथ शुक्ला | १५. | मा० श्री जुली कुमारी महतो (महासेठ) |
| १०. | मा० श्री अरुण कुमार चौधरी | १६. | मा० श्री मुक्ता कुमारी यादव |
| ११. | मा० श्री प्रेम सुवाल | १७. | मा० श्री बासु देव घिमिरे |
| १२. | मा० श्री प्रभु साह | १८. | मा० श्री रण कुमारी बलम्पाकी मगर |

तदुपरान्त सम्माननीय सभामुखले आजको आकस्मिक, शून्य र विशेष समयमा कान्ति बाल अस्पतालमा एकजना ५ वर्षिय बालिकाको मृत्यू भएको विषय र संविधान सभा सदस्य एवं नेपाली कांग्रेसका सहमहामन्त्री श्री महेन्द्र यादवमाथि भएको आक्रमणको विषयमा माननीय सदस्यहरुले गम्भिर रुपमा कुराहरु उठाउनु भएकोले उक्त विषयमा सदनलाई जानकारी गराउन सरकारलाई निर्देश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत इजिप्टको कायरोमा आयोजना हुने **Global Congress on Population Health and Develpement (PHDC'23)** विषयक सम्मेलनमा सहभागी हुन संवत् २०८० साल भदौ १८ गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।
>
> मितिः २०८०/५/१७ (बैकुण्ठ अर्याल)
>
> मुख्य सचिव

तत्पश्चात् प्रारम्भ भएको प्रश्नोत्तर कार्यक्रममा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भुसालले निम्नलिखित माननीय सदस्यहरुले सोध्नु भएको मौखिक प्रश्नहरुको उत्तर दिनुभयो ।

१. माननीय श्री प्रेम सुवाल (प्रश्न नं. ७ )
२. माननीय श्री दिलेन्द्र प्रसाद बडू (प्रश्न नं. ८ र ९)

तदुपरान्त माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महतले माननीय श्री प्रेम सुवालले सोध्नु भएको मौखिक प्रश्न नं. १२ र १३ को उत्तर दिनुभयो ।

त्यसपछि माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारीले माननीय श्री प्रेम सुवालले सोध्नु भएको मौखिक प्रश्न नं. १० र ११ को उत्तर दिनुभयो ।

तत्पश्चात् माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले माननीय श्री दिलेन्द्र प्रसाद बडूले सोध्नु भएको मौखिक प्रश्न नं. १४ र १५ को उत्तर दिनुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री शक्ति बहादुर बस्नेतले "राष्ट्रिय महिला आयोगको पन्ध्रौं वार्षिक प्रतिवेदन (२०७८ श्रावणदेखि २०७९ आषाढ मसान्तसम्म)" पेश गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र २७ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:५० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव